फोन नं. ०७५-५२०१४५

# लुम्बिनी प्रदेश सरकार
## कृषि , भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा

**प्रस्ताव अव्हानको सूचना**

**२०८१/८२ सूचना नं. ५** **मिति २०८१/०९/२८**

यस विज्ञ केन्द्रको आ.व.२०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समूह, कृषि सहकारी, निजी डेरि,कृषि फर्म तथा कम्पनीहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस केन्द्रमा तपशिलका आवश्यक कागजातहरु सहित आवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। प्रस्तावनाको साथमा पेश गर्नु पर्ने निवेदन/प्रस्तावनको ढाँचा,संलग्न गर्नु पर्ने कागजातहरु र मापदण्ड यस कार्यालयको वेवसाइड *www.vethospalpa.gov.np* / सुचना पाटीवाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध छ।

| क्र.स. | वालीवस्तु विवरण | संचालन हुने स्थान | उत्पादन प्रवर्द्धन दिने आधारहरु | प्रमाणित गर्ने आधारहरु | प्रोत्साहन रकम रु |
|---|---|---|---|---|---|
| १ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान रु. ४० लाख<br>**क. दुध उत्पादन** | जिल्ला भर | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रूपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने,<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने,<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने,<br>• प्रति समूह/सहकारी/कम्पनीले तराईमा मासिक औषत कम्तीमा ७००० लिटर र पहाडमा मासिक औषत कम्तीमा ३००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्ने,<br>• निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत | • आवेदकको नागरिकताको प्रतिलिपि,<br>• सहकारी वा कम्पनीले संस्थागत अभिलेख,<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• सहकारीले आफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,<br>• सहकारी वा संस्थागत रूपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख,<br>• स्थायी लेखा नं., करचुक्ता कागजात,<br>• दुधको कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन र आवेदकको बैक खाता नं.। | प्रति लिटर अधिकतम रु. २/- (कृषकलाई बैंक मार्फत भुक्तानी हुने)<br>समूह, सहकारी, निजी डेरि,कृषि फर्म तथा कम्पनीलाई रकम संवन्धित कृषकको खातामा जम्मा गरि सक्कल भौचर कार्यालयमा पेश गरिने छ। |

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
तानसेन, पाल्पा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | | |
| | **ख. मासु ,माछा र अण्डा उत्पादन (वाख्रा/भेंडा/ वंगुर / रांगा/माछा)** | जिल्ला भर | • गत आ.व. को उत्पादन गरेको बाख्रा, भेडा, बगुर, अण्डा तथा माछाको मासु कारोवारको अभिलेख पेश गर्नु पर्ने ।<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पाद कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने ।<br>• वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने।<br>• मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने ।<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने।वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/ राँगा/माछा उत्पादक सहकारी संस्था आफैंले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० वा राँगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको कारोबार गरेको हुनुपर्ने<br>• निजीको हकमा खसी वोका ५० वा राँगा २० वा बंगुर २५ गोटा प्रति वर्ष विक्रिको कारोबार गरेको हुनुपर्ने<br>• माछा उत्पादनमाः निजीको हकमा तराईमा २ मे.ट, पहाडमा १ मे.ट प्रति वर्ष विक्रि कारोबार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट वार्षिक कारोबार गरेको हुनुपर्ने।<br>• अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | • पशु पन्छी वा माछा पालकको अभिलेख।<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बीमा गरिएको भए बीमालेख।<br>• आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैक खाता नं.। | <u>प्रति कि.ग्रा. अधिकतम</u><br>जिउँदो खसी/बोका/भेडाको हकमा रु. २५ का दरले,<br>जिउँदो रांगाको हकमा बरु. १५ का दरले,<br>जिउँदो बगुंरको हकमा रु. १५ का दरले,<br>माछाको हकमा रु. १५ का दरले,<br>अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले।<br>(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |

संलग्न गर्नु पर्ने कागजातहरूः

१. प्रस्तावकको निवेदन। (अनुसूची ३५ बमोजिम)

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।

५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३८ बमोजिम)।

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

**नोट**: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ साथै कार्यक्रमको प्रकृति अनुसार कागजातहरूको विवरण थपघट गर्न सकिने छ। संपर्कका लागि फोन नं. ०७५-५२०१४५, ९८५७०६०८३६ र ९८४७०६७२६५

नि.प्रमुख